**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**राजस्व सदस्य श्री गोविन्दप्रसाद अधिकारी**

**फैसला**

२०७८।०७९ सालको निर्णय नं. २८८

पुनरावेदन नं. ०७७-RB-०२२१

**मुद्दाः– आयकर (अग्रीमकर २०७१/०७२) ।**

काठमाडौ जिल्ला, काठमाडौ महानगरपालिका वडा नं. ५ भाटभटेनी स्थित प्रधान कार्यालय रहेको आइ.सि.एफ.सि.फाइनान्स लिमिटेड (स्थायी लेखा नं. ३०१६२९३७३) को तर्फबाट अख्तियार प्राप्त ऐ. ऐ. का प्रमुख कार्यकारी अधिकृत सुनिल पन्त....................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.......................................... १ } प्रत्यर्थी

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्धान अधिवक्ता श्री खेम प्रसाद खतिवडा

प्रत्यर्थी कार्यालयका तर्फबाट : विद्धान सहायक न्यायाधिवक्ता श्री बिमला गौतम

**अविलम्वित नजीरः** ×

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु कार्यालयको निर्णय मितिः–२०७६/०५/१९

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विनोद बहादुर कुंवर

निर्णय मितिः २०७७/०३/१५

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।३।१५ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम यस न्यायाधिकरणमा दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

## <u>तथ्य खण्ड</u>

१. श्री आइ.सि.एफ.सि. फाइनान्स लिमिटेडको आर्थिक वर्ष २०७१।०७२ को अग्रीम कर कट्टी कर परीक्षण गर्ने क्रममा करदाता श्री आइ.सि.एफ.सि. फाइनान्स लिमिटेडबाट आर्थिक वर्ष २०७१।०७२ मा अवकाश पाएका कर्मचारीहरूको अवकाश भुक्तानीको अग्रीम कर कट्टी परीक्षण को दफा ८८(१) बमोजिम १५% का दरले अग्रीम कर कटटी गर्नपर्नेमा सो वमोजिम अग्रीम कर कट्टी गरेको नपाइएकोले ऐनको दफा ८८(१) बमोजिमको अग्रीम करकट्टी माग गर्नु पर्ने भएकोले सो वमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५ (पन्ध्र) भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७६।०४।०५ मा सुचना जारी भएको ।

२. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७६।०४।५ मा जारी भएको सूचना करदाताले मिति २०७६।०४।०८ मा बुझी लिई सो सूचनाको जवाफ मिति २०७६।०४।२० मा पेश गरेको ।

३. ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७६।४।५ मा जारी भएको अग्रीम कर कट्टि सम्बन्धी सूचनामा कुनैपनि परिवर्तन गर्नु पर्ने नदेखिएकोले सोही बमोजिम करदाताको आ.व. २०७१।०७२ को लागि देहाय अनुसार रु.१,९६,०८४।-(एक लाख छयानब्बे हजार चौरासी मात्र) अग्रीम कर माग गर्न आयकर ऐन २०५८ को दफा ९०(८) बमोजिम कर अधिकृतले अग्रीम कर माग गरी करदातालाई अग्रीम कर दाखिला गर्ने आदेश दिने भनी भनी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७६/०५/१९ मा खडा भएको निर्णय पर्चा ।

४. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७६/०५/१९ मा जारी गरेको आ.व. २०७१/०७२ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी आइ.सि.एफ.सि. फाइनान्स लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६/०७/०८ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

५. आयकर ऐन, २०५८(संशोधन सहित) को दफा ८८ को उपदफा (१) बमोजिम करयोग्य अवकाश भुक्तानी रु.६,७२,७५०.०० को १५ प्रतिशतले हुने रकम रु.१,००,९१३.०० करकट्टी गरी दाखिला गर्नुपर्नेमा जम्मा रु.८,६३८.०० मात्र कट्टी तथा दाखिला गरी रु.९२,२७५.०० कम दाखिला भएको देखिएकोले सो रकममा आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ११९ बमोजिम लाग्ने ब्याज तथा दफा १२० को देहाय खण्ड (क) बमोजिमको शुल्क समेत थप गरी कर

कट्टीको लागि वास्तविक जिम्मेवार रोजगारदाता आइ.सि.एफ.सि. फाइनान्स लिमिटेडको नाममा कार्यालयबाट भएको अग्रीम कर निर्धारण कानून सम्मत देखिएकोले निवेदकको जिकिर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।१५ मा भएको निर्णय ।

६. पुनरावेदक करदाताको आ.व. ०७१/०७२ मा कर्मचारीको अवकाश कोष भुक्तानी गर्दा घटी कर कट्टी गरेको भनी विपक्षी कार्यालयले निवेदक कम्पनीको दायित्व देखाई अग्रीम कर निर्धारण गर्ने गरी मिति २०७६।५।१९ मा गरेको निर्णय त्रुटिपूर्ण र गैर कानूनी समेत रहेकोमा आयकर ऐन २०५८ को दफा ११५ बमोजिम कर प्रशासकीय पुनरावलोकनका आधारमा बदर गर्नुपर्नेमा आन्तरिक राजस्व विभागका महानिर्देशकले समेत विद्यमान कानून एवं तथ्य प्रमाणको कुनै मूल्यांकन नगरी शुरू कार्यालयको निर्णयलाई नै सदर हुने गरी मिति २०७७।३।१५ मा भएको निर्णय पर्चा समेत बदर गरी कम्पनीको दावी जिकिर अनुसार करको दायित्वबाट मुक्त हुने गरी इन्साफ पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७७/०६/२८ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०२/६ मा भएको आदेश ।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सूचीमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता आइ.सि.एफ.सि. फाइनान्स लिमिटेडका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री खेम प्रसाद खतिवडाले ठुला करदाता कार्यालय ललितपुरबाट आ.ब. २०७१।०७२ मा अग्रीम कर माग गर्ने गरी पुनरावेदक करदाताको हकमा भएको निर्णय पर्चा र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व बिभागका महानिर्देशकबाट भएको निर्णय त्रुट्टीपुर्ण हुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक-न्यायाधिवक्ता श्री बिमला गौतमले शुरु कार्यालयबाट अग्रीम कर माग गर्ने गरी भएको निर्णय कानूनसम्मत नै रहेको र सो निर्णयलाई सदर गरी आन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत कानुन सम्मत नै रहेको देखिंदा सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

९. पुनरावेदक करदाताको तर्फबाट लिइएका पुनरावेदन जिकिर, पुनरावेदक तर्फका विद्वान कानुन व्यवसायीबाट प्रस्तुत बहस बुदाँहरु प्रत्यर्थीको तर्फबाट उपस्थित विद्वान सहायक-न्यायाधिवक्ताले गर्नु भएको बहस र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा,

यसमा ठुला करदाता कार्यालय ललितपुरबाट अग्रीम कर माग गर्ने गरी  भएको निर्णय र सो निर्णय नै सदर गर्ने गरी आन्तरिक राजस्व बिभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने प्रश्नमा नै विषयमा निर्णय गर्नुपर्ने देखियो।

१०. निर्णय तर्फ विचार गर्दा, करदाता आई.सि.एफ.सि. फाइनान्स लिमिटेडले सेवारत कर्मचारीहरुको नागरिक लगानी कोषमा अवकाश कोष खडा गरेको र प्रत्येक कर्मचारीले सेवाबाट अवकाश प्राप्त गरे पछि भुक्तानी पाउने गरी बार्षिक रुपमा उक्त अवकाश कोषमा रकम जम्मा गरेको तथ्यमा विवाद देखिएन।करदाता कम्पनीका कर्मचारी राजेश राज पाण्डेलाई आ.व. २०७१।०७२ मा अवकाश कोषमा जम्मा भएको रकम रु. ६,७२,७५०।– भुक्तानी दिंदा १५ प्रतिशतले अग्रीम कर कट्टि गरी दाखिला गर्नुपर्नेमा पाँच प्रतिशतले हुने रकम रु. ८३३८।– मात्र कट्टि गरी कम दाखिला गरेको भनी पुरा अग्रीम कर किन माग नगर्ने भनी ठूला करदाता कार्यालय ललितपुरले मिति २०७६।४।५ मा करदातालाई सूचना दिएको देखियो । सो सूचनाको सम्बन्धमा मिति २०७६।४।२० मा दिएको जवाफमा करदाताले आयकर ऐन, २०५८ को दफा ९०(५) बमोजिम करकट्टि हुने व्यक्ति राजेश राज पाण्डे हाल यस संस्थामा सम्बन्धित र सम्पर्कमा नरहेकोले  निज व्यक्ति र अग्रीम करकट्टि गर्ने नागरिक लगानी कोष संयुक्त रुपमा कर दाखिला गर्न जिम्मेवार रहने भन्ने व्यहोरा उल्लेख गरेको देखिन आयो । यसबाट अवकाश कोषमा जम्मा रहेको कर योग्य आएको भुक्तानीमा १५ प्रतिशतले अग्रीम कर कट्टि गरी दाखिला गर्नुपर्ने तथ्यलाई करदाताले स्वीकारै गरेको देखिन आयो ।

११. आयकर ऐन, २०५८ को दफा ८८(१) मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको व्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी सेवा शुल्क कमिशन, विक्री बोनस अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कूल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टि गर्नुपर्नेछ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ।उक्त उपदफाको प्रतिवन्धात्मक वाक्यांशमा तर देहायको भुक्तानीमा देहायका दरले कर कट्टि गर्नुपर्नेछ भन्ने व्यवस्था गर्दै खण्ड (१) मा नेपाल सरकारबाट भएको अवकाश भुक्तानी वा स्वीकृत अवकाश कोषबाट भएको योगदानमा आधारित अवकाश भुक्तानीको हकमा दफा ६५ को उपदफा (१) को खण्ड (ख) बमोजिम गणना गरिएको लाभमा पाँच प्रतिशतका दरले भन्ने व्यवस्था रहेको पाइयो ।

१२. पुनरावेदक करदाता आई.सि.एफ.सि. फाइनान्स लिमिटेडले अवकाश भुक्तानीको लागि नागरिक लगानी कोषमा संचालन गरेको अवकाश कोष योगदानमा आधारित नभएको (Non-contributory Fund) रहेको देखिन्छ । यस प्रकारको अवकाश कोषमा रहेको रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ (१) मा उल्लेख भए बमोजिम १५ प्रतिशतका दरले अग्रीम कर कट्टि गर्नुपर्ने देखिन आउँछ ।अव उक्त अग्रीम कर कट्टि गर्नुपर्ने र दाखिला गर्नुपर्ने कानूनी दायित्व कसको रहेछ भनी हेर्दा नागरिक लगानी कोषमा जम्मा भएको रकम कर्मचारीको व्यक्तिगत नाममा नभई रोजगारदाता आई.सि.एफ.सि. फाइनान्स लिमिटेडको नाममा जम्मा रहेको र कर्मचारी अवकाश भए पश्चात रोजगारदाता कम्पनीले कर्मचारीको विवरण तथा भुक्तानी पाउने रकम उल्लेख गरी भुक्तानी आदेश दिए पछि मात्र नागरिक लगानी कोषबाट रकम भुक्तानी हुने व्यवस्था रहेको पाइएकोले भुक्तानी पाउने कर्मचारी नागरिक लगानी कोषको हिताधिकारी नभएकोले नागरिक लगानी कोष भुक्तानीको माध्याम मात्र भई बास्तविक भुक्तानीकर्ता करदाता आइ.सि.एफ.सि.लिमिटेड भएको तथ्य स्वतः स्पष्ट देखिन्छ । उक्त कुरा पुनरावेदक करदाताले नागरिक लगानी कोषलाई मिति २०७२।३।२२ मा लेखेको च.नं. ०७१।०७२।०११२ पत्रबाट समेत पुष्टि भएको देखियो । उक्त पत्रमा लाग्ने करको अंक उल्लेख नगरी यस कार्यालयका वरिष्ठ अधिकृत पदका कर्मचारी श्री राजेश राज पाण्डेको मिति २०७२।३।६ देखि लागू हुने गरी राजिनामा स्वीकृत भएको र निजले त्यस कोष मार्फत पाउने उपदान रकममा नियमानुसार कर लाग्ने भए कट्टा गरी कुल रकम रु. ६,७२,७५०।– पाउनुपर्नेमा निजसँग यस संस्थाको लेनदेन रकम बाँकी रहेको हुँदा सो रकम यस कार्यालयको GFS251 बाट खर्च लेखी संस्थालाई उपलब्ध गराइदिनु हुन अनुरोध छ भन्ने व्यहोरा उल्लेख भएको पाइयो । यसबाट करदाताले अप्रत्यक्ष रुपमा ५ प्रतिशत अग्रीम कर कट्टा गरी रु. ६,७२,७५०।– उपलब्ध गराउन माग गरेको पाइदा कर कट्टि गरी दाखिला गर्ने दायित्व नागरिक लगानी कोषको रहेको भन्ने पुनरावेदन जिकिर सँग सहमत हुन सकिएन । त्यसैले करदाताले कर्मचारीलाई अवकाश भुक्तानी दिने क्रममा सिफारिस गर्दा वा भुक्तानी आदेश दिंदा आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम १५ प्रतिशतले अग्रीम कर कट्टि गरी दाखिल गर्नु पर्ने शुरु ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरको निष्कर्ष कानून सम्मत देखियो ।

१३. तसर्थ माथि विवेचना भए बमोजिमको आधार र कारणबाट करदाता आई.सि.एफ.सि. फाइनान्स लिमिटेड (स्थायी लेखा नं. ३०१६२९३७३) ले आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम करयोग्य अवकाश भुक्तानी गर्दा १५ प्रतिशतले हुन आउने रकम कट्टा

गरी दाखिला गर्नुपर्नेमा ५ प्रतिशत मात्र कट्टा गरी दाखिला गरेकोले सो रकममा व्याज तथा शुल्क समेत थप गरी अग्रीम कर निर्धारण गरेको ठूला करदाता कार्यालयको मिति २०७६।५।१९ को निर्णय तथा सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।३।१५ मा भएको निर्णय समेत मिलेकै देखिंदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरूमा तपसिल बमोजिम गर्नु ।

## तपसिल खण्ड

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू ।

२.फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू ।

३.प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाईदिनू ।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

गोविन्दप्रसाद अधिकारी
(राजस्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

इजलास अधिकृतः श्री खेमकुमारी बस्नेत
कम्प्युटर टाइपः श्री प्रदिप तिवारी
इतिसम्बत २०७९ साल जेष्ठ ३१ गते रोज ३ शुभम......
प्रमाणिकरण मितिः
प्रमाणिकरण गर्ने राजस्व सदस्यः
राजस्व न्यायाधीकरणको छापः